# <u>समस्याग्रस्त संस्था वा सङ्घको पुनः संरचना तथा व्यवस्थापन कार्यविधि, २०८३</u>

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिबाट स्वीकृत

मितिः २०८३।०२।२९

**<u>प्रस्तावनाः</u>** नेपाल सरकारबाट घोषणा गरिएको समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न गठित समितिले सहकारी ऐन, २०७४ को दफा ११४ बमोजिमको उपचारात्मक कार्य गर्ने प्रयोजनको लागि सो सम्बन्धी प्रक्रियालाई थप व्यवस्थित र स्पष्ट बनाउन वाञ्छनीय भएकोले सहकारी ऐन, २०७४ को दफा १०६ को खण्ड (ड१) ले दिएको अधिकार प्रयोग गरी समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस कार्यविधिको नाम "समस्याग्रस्त संस्था वा सङ्घको पुनः संरचना तथा व्यवस्थापन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि समितिले स्वीकृत गरेको मितिदेखी प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यविधि" भन्नाले समितिले स्वीकृत गरी लागू गरेको "बचत फिर्ता, ऋण असुली तथा सम्पत्ति व्यवस्थापन कार्यविधि, २०८३" सम्झनुपर्छ।

(ख) "अन्तरिम समिति" भन्नाले दफा (५) बमोजिमको अन्तरिम समिति सम्झनुपर्छ।

(ग) "बचतकर्ता" भन्नाले समस्याग्रस्त घोषित संस्था वा सङ्घमा बचत भई कार्यविधि अनुसार बचत फिर्ता

समस्याग्रस्त सहकारी व्यवस्थापन समिति

पाउन बाँकी त्यस्ता संस्था वा सङ्घका सदस्यलाई सम्झनुपर्छ।

(घ) "सञ्चालक समिति" भन्नाले दफा ९ बमोजिम निर्वाचन भई गठन भएको सञ्चालक समिति सम्झनुपर्छ।

(ङ) "समिति" भन्नाले सहकारी ऐन, २०७४ को दफा १०५ बमोजिम गठित समस्याग्रस्त सहकारी व्यवस्थापन समिति सम्झनु पर्छ ।

(च) "समस्याग्रस्त संस्था वा सङ्घ" भन्नाले सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम मन्त्रालयले समस्याग्रस्त सहकारीका रुपमा घोषणा गरेको कुनै वा सबै सहकारी संस्था वा सङ्घ सम्झनु पर्छ।

## परिच्छेद-२

## पुनः संरचना तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

३. **अनुरोध गर्न सक्ने :** (१) कुनै समस्याग्रस्त संस्था वा सङ्घले पुनः संरचना गरी सञ्चालन गर्न चाहेमा समिति समक्ष अनुरोध गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै समस्याग्रस्त संस्था वा सङ्घ पुन सञ्चालन हुन सक्छ भन्ने मनासिब आधार र कारण छ भन्ने समितिलाई लागेमा समितिले त्यस्तो संस्था वा सङ्घका शेयरसदस्यहरूसँग कार्ययोजना माग गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम कार्ययोजना माग भएकोमा समस्याग्रस्त संस्था वा सङ्घका शेयरसदस्यहरूले चाहेमा भेला बसी आफ्नो संस्था वा सङ्घमा बचत रहेका कार्यविधि बमोजिम मागदाबी भई फिर्ता गर्न बाँकी रहेका कुल बचतकर्तामध्ये कम्तिमा साठी प्रतिशत

समस्याग्रस्त सहकारी व्यवस्थापन समिति

बचतकर्ताको बचत फिर्ता गर्ने आसयको कार्ययोजना पास गरी समिति समक्ष पेश गर्न सक्नेछन।

(४) उपदफा (३) बमोजिम पेश भएको कार्ययोजना मनासिव लागेमा समितिले स्वीकार गरी कार्यदिश सहितको जानकारी दिनेछ ।

(५) उपदफा (३) बमोजिमको कार्ययोजना स्वीकार गर्न नसकिने भएमा कारण खोलि समस्याग्रस्त संस्था वा सङ्घका शेयरसदस्यहरूलाई जानकारी दिनुपर्छ।

४. **रकम जम्मा गर्नुपर्ने** : दफा ३ को उपदफा (३) बमोजिम पेश भएको कार्ययोजना सोही दफाको उपदफा (४) बमोजिम समितिले स्वीकार गरेमा कम्तिमा साठी प्रतिशत बचतकर्ताको बचत बराबरको रकम समितिले सञ्चालन गरेको सम्बन्धित संस्था वा सङ्घको बैंक खातामा जम्मा गर्नुपर्नेछ।

५. **अन्तरिम समिति गठन गर्ने** : (१) यो कार्यविधि बमोजिम पुनः सञ्चालन गर्न योग्य समस्याग्रस्त संस्था वा सङ्घका शेयरसदस्यहरूमध्येबाट अन्तरिम समिति गठन गर्न समितिले सात दिनको समय दिई वेबसाइट मार्फत सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको संयोजक सहित कम्तिमा पाँच जना सदस्य रहेको अन्तरिम समिति गठन गर्नुपर्छ।

६. **लिखित कार्ययोजना पेश गर्नुपर्ने** : (१) समितिले बचतकर्ताको बचत फिर्ता, संस्थाको स्वामित्वमा रहेको सम्पत्तिको व्यवस्थापन तथा संस्थाको दायित्व फछ्यौट गर्ने सम्बन्धी स्पष्ट कार्ययोजना पन्ध्र दिनभित्र पेश गर्ने आसयको सूचना समितिको वेबसाइट मार्फत प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्ययोजनामा सम्भव भएसम्म त्यस्तो योजना कार्यान्वयन गर्न लाग्ने समय अवधि समेत उल्लेख गर्नु पर्नेछ।



समस्याग्रस्त सहकारी व्यवस्थापन समिति

(३) अन्तरिम समितिले उपदफा (१) बमोजिमको कार्ययोजना समिति समक्ष पेश गर्नु पर्नेछ।

(४) अन्तरिम समितिले कार्ययोजनामा उल्लखित कार्य समितिको प्रत्यक्ष निर्देशन, नियन्त्रण तथा रेखदेखमा रहने गरी गर्नु पर्नेछ।

(५) समितिले दिएको निर्देशनको पालना गर्नु अन्तरिम समितिको कर्तव्य हुनेछ।

७. <u>**कार्ययोजना संशोधन गर्न सकिने**</u> : (१) दफा ६ को उपदफा (३) बमोजिम समितिमा पेश भएको कार्ययोजनामा समितिले आवश्यक संशोधन गर्न सक्नेछ।

(२) समितिले उपदफा (१) बमोजिम संशोधन गर्दा सम्बन्धित समस्याग्रस्त सहकारी संस्था वा सङ्घको लेखा परीक्षण प्रतिवेदन तथा समितिले निर्णय गरी समय समयमा तोकेको सूचकको आधार लिनेछ।

(३) यस दफा बमोजिम कार्ययोजनामा भएको संशोधनको जानकारी अन्तरिम समितिलाई दिइनेछ।

८. <u>**कार्ययोजना कार्यान्वयन तथा प्रतिवेदन**</u> : (१) अन्तरिम समितिले समितिको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रही आफुले पेश गरेको कार्ययोजनाको कार्यान्वयन गर्नुपर्नेछ।

<u>स्पष्टीकरण</u> : यस उपदफाको प्रयोजनको लागि "कार्ययोजना" भन्नाले अन्तरिम समितिले समिति समक्ष पेश गरेको कायययोजनामा समितिले दफा ७ को उपदफा (१) बमोजिम गरेको संशोधनलाई समेत बुझाउँछ।

(२) अन्तरिम समितिले कार्ययोजना कार्यान्वयनको प्रगति विवरण सहितको प्रतिवेदन मासिक रुपमा समिति समक्ष पेश गर्नु पर्छ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिले जुनसुकै बखत कार्ययोजनाको कार्यान्वयन सम्बन्धी प्रगति विवरण माग गर्न सक्नेछ।

(५) समितिले यस दफा बमोजिम प्राप्त विवरण तथा प्रतिवेदनको अध्ययन गरी समीक्षा गर्नेछ।

९. **<u>सञ्चालक समितिको निर्वाचन र जिम्मेवारी</u>** : (१) यस कार्ययविधि बमोजिम गठित अन्तरिम समितिको कार्ययोजना अनुसारको काम कारबाही सन्तोषजनक भएमा समितिले समस्याग्रस्त संस्था वा सङ्घको साधारण सभा गरी सञ्चालक समितिको निर्वाचन गराउनेछ।

तर बचतफिर्ताको कार्य पूर्ण रुपमा सम्पन्न नभएसम्म सञ्चालक समितिको निर्वाचन गर्न सकिने छैन।

(२) उपदफा (१) बमोजिम निर्वाचन भई गठन भएको नयाँ सञ्चालक समितिलाई समितिले समस्याग्रस्त संस्था वा सङ्घको सञ्चालन गर्न पूर्ण वा आंशिक जिम्मेवारी सुम्पिन सक्नेछ।

(३) यस दफा बमोजिम सञ्चालक समितिले पाएको जिम्मेवारी समितिको प्रत्यक्ष रेखदेखमा निर्वाह गर्नुपर्नेछ।

(४) सञ्चालक समितिले गरेका काम कारबाहीका सम्बन्धमा समितिलाई नियमित रुपमा जानकारी गराई प्रत्येक महिना प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ।

(५) समितले सञ्चालक समितिको कामकारबाहिको सम्बन्धमा आवश्यकता अनुसार स्थलगत वा अन्य उपयुक्त माध्यमबाट अनुगमन गर्न सक्नेछ।

१०. **<u>नियामक निकायको सुपरीवेक्षणमा रहने</u>** : यस कार्ययविधि तथा समितिले निर्णय गरी तोकेको अन्य मापदण्ड पुरा गर्ने संस्था वा सङ्घका सञ्चालक समितिलाई कानून बमोजिमको नियामक निकायको सुपरीवेक्षणमा रहने गरी सम्पूर्ण जिम्मेवारी सुम्पिनेछ।